बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

# चौथो त्रैमासिक प्रतिवेदन

## आ.व. २०८२/८३

## (२०८३ बैशाख-असार)

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय (साविक उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय)सँग सम्बन्धित
स्वत:प्रकाशन

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी


**बागमती प्रदेश सरकार**

**उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय**

हेटौंडा, मकवानपुर ।

साउन, २०८३

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

# स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई सूचनाको हक सम्वन्धी अधिकारको व्यवस्था रहेको साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना निकायसंग सम्बन्धित विवरण त्रैमासिक अवधिमा सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सो सम्बन्धमा यस मन्त्रालय (साविक उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय) को कार्यश्रेत्र तथा जिम्मेवारी अन्तर्गत मिति २०८३ बैशाख महिनादेखि असार मसान्तसम्म सम्पादन गरिएका प्रमुख कार्य एवम् प्रगति र मन्त्रालयसंग सम्बन्धित विवरण प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ को दफा ५(२) को प्रयोजनार्थ प्रकाशित गरिएको छ।

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडाँ

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

१. निकायको स्वरुप र प्रकृतिः

नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था बमोजिम बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०८०।०५।०५ को निर्णयबाट उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको प्रमुख कार्यक्षेत्रमा प्रदेश भित्रको उद्योग, कलकारखाना, खानी खनिज, व्यापार तथा वाणिज्य, मानव संशाधन योजना, तालिम नीति एवम् भूमि व्यवस्थापन आदिको नीतिगत एवम् अन्य व्यवस्था आदि पर्दछन्।

२. निकायको काम, कर्तव्य र अधिकारः

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारी देहाय अनुसार रहेका छन्:

१. व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण ।
२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन ।
३. ढुवानी/ परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन।
४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता।
५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन।
६. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत, संकलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसँग समन्वय।
७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी।
८. कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
९. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन।
१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार।
११. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन।
१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।

१४. मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय।

१५. संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन।

१६. उपभोक्ता अदालत गठन र सञ्चालन।

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय।

१८. लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान नियमन।

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन।

२१. दामासाहीमा परेका उद्योग, व्यवसायीका कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन।

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन।

२४. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२५. औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन।

२६. उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग।

२७. स्वरोजगारको लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन।

२८. टाट पल्टेको र दामासाही सम्बन्धि।

२९. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन।

३०. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीयकरण।

३१. औद्योगिक प्रतिष्ठानहरु सञ्चालन, व्यवस्थापन तथा संघीय सरकारसँगको समन्वयमा अनुगमन तथा नियमन।

३२. भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू- उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।

३३. निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

३४. जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।

३५. संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।

३६. नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना।

३७. क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।

३८. भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरुवा चरुवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।

३९. सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।


४०. सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।

४१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय।

## ३. निकायमा रहने कर्मचारीको संगठन संरचना:

३.१ स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।

उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय हेटौंडा, नेपालको विद्यमान सांगठनिक संरचना



३.२ मन्त्रालयको स्वीकृत दरवन्दी तेरिज देहायबमोजिम रहेको छ ।

| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय,हेटौंडा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दरवन्दी तेरीज | | | | | | | | | | |
| क्र.सं. | पद | सेवा/समुह | तह | प्रस्तावित रवन्दी | | | | | | प्रस्तावित अस्थायी |
| | | | | मौजुदा स्विकृत दरवन्दी | यस आ.व. मा स्विकृत अस्थायी दरवन्दी | साबिकको स्विकृत दरवन्दीमा घट | साबिकको स्वीकृत दरवन्दीमा थप | कायम दरवन्दी | |
| १ | प्रदेश सचिव | प्रशासन/सा.प्र. | अधिकृतस्तर एघारौं | १ | | ० | ० | १ | |
| २ | महाशाखा प्रमुख | प्रशासन/सा.प्र. | अधिकृतस्तर नवौं/दशौं | २ | | ० | ० | २ | |
| ३ | महाशाखा प्रमुख | ईन्जिनियर/सर्भे | अधिकृतस्तर नवौं/दशौं | १ | | ० | ० | १ | |
| ४ | अधिकृत | प्रशासन/सा.प्र. | अधिकृतस्तर सातौं/आठौं | ७ | | ० | ० | ७ | |
| ५ | कम्प्युटर इन्जिनियर | इन्जि | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ६ | वन अधिकृत | वन/जनरल फरेष्ट्री | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ७ | लेखा अधिकृत | प्रशासन/लेखा | अधिकृतस्तर सातौं/आठौं | १ | | ० | ० | १ | |
| ८ | कानुन अधिकृत | न्याय/कानून | रा.प.तृतीय | १ | | ० | ० | १ | |
| ९ | तथ्याङ्क अधिकृत | विविध/प्रशासन | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १० | नापी अधिकृत | इन्जी/सर्भे | अधिकृतस्तर सातौं/आठौं | २ | | ० | ० | २ | |
| ११ | मेकानिकल ईन्जिनियर | इन्जि/मेकानिकल | अधिकृतस्तर सातौं/आठौं | ० | ० | ० | ० | ० | १ |
| १२ | भू-गर्भ विद | प्राविधिक | अधिकृतस्तर सातौं/आठौं | ० | | ० | १ | १ | |
| १३ | सर्भेयर | इन्जी/सर्भे | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | २ | | ० | ० | २ | |
| १४ | सहायक/अधिकृत | प्रशासन/सा.प्र. | सहायक पाँचौ/अधिकृतस्तर छैठौं. | ८ | | ० | ० | ८ | |
| १५ | तथ्याङ्क सहायक | तथ्याङ्क | सहायक पाँचौ/अधिकृतस्तर छैठौं | १ | | ० | ० | १ | |
| १६ | लेखापाल | प्र/लेखा | सहायक चौथो/पाँचौ | १ | | ० | ० | १ | |
| १७ | कम्प्युटर अपरेटर | विविध | सहायक चौथो/पाँचौ | २ | | ० | ० | २ | |
| १८ | कार्यालय सहयोगी | प्रशासन/सा.प्र. | श्रेणी विहिन | ६ | | ० | ० | ६ | |
| १९ | हलुका सवारी चालक | इन्जी/मेकानिकल | श्रेणी विहिन | ४ | | ० | ० | ४ | |
| | | | जम्मा | ४१ | ० | ० | २ | ४३ | १ |

४. <u>निकायबाट प्रदान गरिने सेवा:</u>

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत कार्यात्मक निर्णयहरु तथा मातहतका कार्यालयहरुबाट सेवा प्रवाहजन्य कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्ष अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री जीवलाल भुसाल | प्रदेश सचिव | – |
| २ | श्री कुमार तामाङ | महाशाखा प्रमुख | प्रशासन तथा योजना महाशाखा |
| ३ | श्री महेशराज पौडेल | महाशाखा प्रमुख | उद्योग तथा वाणिज्य महाशाखा |
| ४ | किशोर सापकोटा | अधिकृत आठौं | उद्योग तथा वाणिज्य शाखा |
| ५ | सुरेन्द्र कार्की | अधिकृत आठौं | प्रशासन तथा योजना शाखा |
| ६ | श्री नवराज थापा | वन अधिकृत | वातावरण शाखा |
| ७ | श्री सरस्वती पौडेल | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा |
| ८ | श्री सुनिल बन्जरा | अधिकृत सातौं | योजना तथा अनुगमन शाखा |
| ९ | श्री अंगद लामिछाने | नापी अधिकृत | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १० | श्री लक्ष्मी हुमागाईं | अधिकृत छैठौं | कर्मचारी प्रशासन शाखा |
| ११ | श्री ध्रुब अर्याल | सर्वेक्षक | भूमि व्यवस्थापन तथा नक्साङ्कन महाशाखा |
| १२ | श्री गंगा जयसवाल | सहायकस्तर पाचौं | प्रशासन तथा योजना शाखा |
| १३ | श्री कल्पना वि.क | सहायकस्तर पाचौं | उद्योग तथा वाणिज्य शाखा |
| १४ | श्री निशा दाहाल | लेखापाल | आर्थिक प्रशासन शाखा |
| १५ | श्री सन्तोषी तिवारी | क.अ. | कर्मचारी प्रशासन शाखा |
| १६ | श्री रविन्द्र भट्टराई | क.अ. | उद्योग शाखा |
| १७ | श्री महेन्द्र बहादुर क्षेत्री | का.स | दर्ता चलानी शाखा |
| १८ | सुमित श्रेष्ठ | ह.चा.स | |
| १९ | दिपेन्द्र क्षेत्री | ह.चा.स | |
| २० | मनोज उपाध्याय | का.स | |
| २१ | रिता देवी पन्त | का.स | |
| २२ | अनिसा ओझा | का.स | |
| २३ | चमेली बिष्ट | का.स | |

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

६. <u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः</u>

प्रचलित नियम अनुसार।

७. <u>निर्णय गर्ने प्रक्रिया र अधिकारीः</u>

माननीय मन्त्री, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ।

८. <u>निर्णय उपर उजुरी सुन्ने अधिकारीः</u>

यस कार्यालयमा विभिन्न शाखा/महाशाखाहरूबाट गरिएका निर्णयहरु उपर मन्त्रालयका प्रदेश सचिवज्यूसमक्ष उजुरी वा गुनासो राख्न सकिनेछ।

९. <u>सम्पादन गरेका कामको विवरणः</u>

आर्थिक वर्ष २०८२/८३ मा यस मन्त्रालयबाट सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ।

**कानुनी सुधारमार्फत उद्योग क्षेत्रलाई थप गतिशील बनाएकोः**

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन गरी स्टार्टअप तथा नवप्रवर्तनसँग सम्बन्धित स्टार्टअप कोष स्थापना गर्ने व्यवस्था गरिएको छ। साथै, प्रदेश औद्योगिक व्यापार व्यवसाय ऐनमा सामयिक संशोधन गरेको छ । प्रदेश औद्योगिक व्यवसाय नियमावली तथा प्रदेश हस्तकला नियमावलीको मस्यौदा तर्जूमा गरी स्वीकृतिको क्रममा रहेको छ।

**उद्योग तथा व्यवसाय दर्ता दस्तुरमा ५० प्रतिशत सहुलियत दिनुकासाथै नविकरणको अवधि ५ वर्ष हुने व्यवस्था गरेकोः**

प्रदेश आर्थिक ऐन, २०८३ मार्फत उद्योग तथा व्यवसाय दर्ता दस्तुर आधाले घटाई उद्योगी -व्यवसायीमैत्री वातावरण निर्माण गर्ने प्रयास गरिएको छ। साथै, प्राइभेट र साझेदारी फर्मको नवीकरणको अवधि बढाउनुकासाथै छुटको व्यवस्था गरिएको छ ।

उद्योग प्रशासनमा डिजिटल प्रणालीको (अनलाईन सेवा) सुरुवातः

उद्योग तथा वाणिज्य कार्यालय, मकवानपुरबाट उद्योग प्रशासनमा (उद्योग दर्ता, नवीकरण, नामसारी लगायतका सेवा) अनलाइन प्रणालीमार्फत सेवा सञ्चालन सुरु गरिएको छ। आर्थिक वर्ष २०८३/८४ मा बागमती प्रदेशका सबै १३ वटै जिल्लाहरुमा उद्योग प्रशासन सेवा पूर्ण रूपमा अनलाइनमार्फत सञ्चालन गर्ने गरी बजेट व्यवस्था गरिएको छ।

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

**चारवटा उद्योग तथा वाणिज्य कार्यालयहरुलाई नमूना कार्यालय घोषणा गरिएकोः**

काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुलीका उद्योग तथा वाणिज्य कार्यालयलाई नमूना कार्यालय घोषणा गरिएको छ। आगामी आर्थिक वर्षमा सबै १३ जिल्लाका कार्यालयलाई नमूना कार्यालय बनाउने लक्ष्यसहित आवश्यक बजेट व्यवस्था गरिएको छ भने नमूना कार्यालय व्यवस्थापन मापदण्ड समेत तयार गरिएको छ।

**प्रदेश हस्तकला दिवसको घोषणाः**

औपचारिक रुपमा हरेक मंसिर २८ गते मनाउने गरी प्रदेश हस्तकला दिवस घोषणा गरिएको छ। साथै, स्थानीय हस्तकला, परम्परागत सीप संरक्षण तथा बजारीकरणका लागि "प्रदेश हस्तकला नियमावली" को मस्यौदा तयार गरी स्वीकृतिको क्रममा रहेको छ।

साथै, प्रदेशको १३ वटै जिल्लामा उत्पादित मौलिक हस्तकला सामग्रीहरुको काठमाडौंस्थित हनुमानढोका परिसरमा जिवन्त प्रदर्शनीका लागि बजेट व्यवस्थापन गरीएको छ।

**महिला उद्यमशीलता र सीप विकासलाई विशेष प्राथमिकता दिएकोः**

आ.व. २०८३/८४ को लागि प्रदेश महिला उद्यमी कर्जा कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। साथै, महिला तथा युवालाई बजारको मागअनुसार CTEVT बाट सीप प्रमाणीकरणसहितको सीप विकास तालिम सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

**स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने आधार तयार गरिएकोः**

प्रदेशमा स्टार्टअप इकोसिस्टम विकासका लागि औद्योगिक व्यवसाय कानून र नियमावली संशोधन, स्टार्टअप सम्मेलन, विद्यालय तहदेखि उद्यमशीलता शिक्षा प्रवर्द्धन तथा विश्वविद्यालय र निजी क्षेत्रद्वारा सञ्चालित इन्क्युबेसन सेन्टरहरूको विकासका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

**उद्यमीहरूलाई सम्मान तथा प्रोत्साहनमूलक कार्यक्रमः**

प्रत्येक जिल्लाबाट एक-एक जना गरी १३ जना तथा प्रदेशबाट एक जना सर्वोत्कृष्ट गरी कुल १४ जना नवप्रवर्तन उद्यमीलाई सम्मान गरिएको छ। साथै, प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन र हस्तकला सम्मेलन सफलतापूर्वक आयोजना गरिएको छ।

साथै, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सिप विकास तालिम र लघु, घरेलु, साना तथा मझौला उद्योगका लागि विशेष प्रोत्साहन गर्न सिप विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रमको लागि पर्याप्त बजेटको व्यवस्था गरिएको छ ।

उद्योग दर्ता र बजार अनुगमनलाई प्रभावकारी बनाएको:

आर्थिक वर्ष २०८२/८३ को असारसम्म मन्त्रालय मातहतबाट करिब ६,७५६ उद्योग र २,६९८ वाणिज्य फर्म दर्ता भएका छन्। साथै, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रणका लागि नियमित र आकस्मिक बजार अनुगमनलाई निरन्तरता दिइएको छ।

उद्योग प्रवर्द्धनका लागि प्रत्यक्ष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको:

सिन्धुलीका ४२ र ललितपुरका १ गरी ४३ वटा साना उद्योगलाई विद्युत् महसुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ। साथै, चितवन, ललितपुर, दोलखा र भक्तपुरमा बिजनेस इन्क्युबेसन सेन्टर सञ्चालनमा सहयोग गरिएको छ।

संघ र प्रदेशबीच समन्वयका लागि नयाँ अभ्यास सुरु गरिएको:

उद्योग तथा वाणिज्य क्षेत्रका नीति, अनुभव र अभ्यास आदान-प्रदानका लागि पहिलो पटक संघीय सरकार र सातै प्रदेशका सम्बन्धित मन्त्रालयहरूबीच संयुक्त छलफल कार्यक्रम आयोजना गरिएको छ।

१० कार्यालय प्रमुख (प्रदेश सचिव) को नाम: श्री जीवलाल भुसाल

११ प्रवक्ताको नाम: श्री कुमार तामाङ

१२ गुनाशो सुन्ने अधिकारी नाम: श्री महेश पौडेल

१३ सूचना अधिकारीको नाम र पद: श्री सुनिल बन्जरा (अधिकृत सातौं)

१४ कार्यालयको **Website**: moicla.bagamati.gov.np/

१५ मन्त्रालयको सम्पर्क नं . ०५७-५९०२६४,

१६ इमेल: moiclrbagamati@gmail.com, moicla@bagamati.gov.np

१७ ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

प्रमुख ऐनहरु:

- प्रदेश व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ (संशोधन २०८१)
- प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६, (संशोधन २०८१)
- प्रदेश हस्तकलाग्राम सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

कार्यविधि, निर्देशिका तथा मापदण्ड:

- प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ (संशोधन २०८१)
- तालिम संचालन सम्बन्धी कार्यविधि, २०८१
- मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
- सीप विकास पहिचान एवं तालिम संचालन सम्बन्धी कार्यविधि, २०८०
- प्रदेशस्तरिय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८०

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८०

आर्थिक वर्ष २०८२/०८३ मा तर्जुमा तथा संशोधन भएका ऐन, नियमावली, कार्यविधि र मापदण्डहरुः

प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०८३ (मस्यौदा मन्त्रीपरिषद्मा पेश)

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ (संशोधन मस्यौदा तर्जुमा)

वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२

बोटे, माझी, हायू, मुसहर र वनकरिया समुदायका लागि स्वरोजगार परियोजना संचालन सम्बन्धी कार्यविधि, २०८२

तालिम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ (प्रथम संशोधन, २०८२)

एक स्थानीय तह, एक प्रमुख उद्योग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

'एक वडा, एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

स्थिर पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा पचास प्रतिशत सहुलियत कार्यविधि, २०८२

## १८ वित्तीय प्रगति

क) चालु र पूँजीगत बजेटको विवरण

| बजेट उपशीर्षक | आ.व. २०८२/८३ को कुल बजेट | | |
|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा |
| ३०७०००११ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ४४३३८ | ४२०३ | ४८५४० |
| ३०७०००११२ उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | २१०३३३ | १३५२६० | ३४५५९४ |
| ३०७००१२१ भूमि व्यवस्थापन तथा नक्शाँङ्कन | ५१९९९ | ३२५० | ५५२५० |
| ३०७०१०११ उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | २४७३७ | २४९१४ | ४९६५१ |
| ३०७०१०१३ उद्योग तथा वाणिज्य कार्यालयहरु | १२७७८७ | १९५८९ | १४७३७६ |
| जम्मा | ४५११९५ | १८७२१६ | ६४६४११ |

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

ख) चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरण (रकम रु हजारमा)

| बजेट उपशीर्षक | आ.व. २०८२/८३ जम्मा खर्च (रकम रु हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ३०७०००११ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | २८५३२ | ६५७ | २९१८९ | ६४ | १६ | ६० |
| ३०७००११२ उद्योग विकास तथा बजार अनुगमन कार्यक्रम | १३१७१० | ७०३८४ | २०२०९४ | ६३ | ५२ | ५८ |
| ३०७००१२१ भूमि व्यवस्थापन तथा नक्शाँङ्कन | ४३८३७ | ८८७ | ४४७२३ | ८४ | २७ | ८१ |
| ३०७०१०११ उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १४६६५ | ५०७ | १५१७२ | ५९ | २ | ३१ |
| ३०७००१०१३ उद्योग तथा वाणिज्य कार्यालयहरु | ९८१५२ | १८२५४ | ११६४०६ | ७७ | ९३ | ७९ |
| जम्मा | ३१६८९६ | ९०६८८ | ४०७५८४ | ६९ | ४८ | ६३ |

१९. आ.व. २०८२/८३मा राजश्व संकलनको अवस्था:

| क्र.स. | राजस्व शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा रजिष्टेशन दस्तुर | ७,३९,२२,७०,२३७ | |
| २ | व्यावसाय रजिष्टेशन दस्तुर | २८,०२,४०,७७० | |
| ३ | अन्य सेवा शुल्क तथा बिक्री | २,७३,४२,७७६ | |
| ४ | प्रशासनिक दण्ड,जरिवाना र जफत | २०,१९,०५० | |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क | २०,२८,६९१ | |
| ६ | सरकारी सम्पतीको वहालबाट प्राप्त रकम | ९,१४,३७५ | |
| ७ | वन क्षेत्रको अन्य आय | ६८,५२२ | |
| ८ | वन क्षेत्रको रोयल्टी | १,०८,८०३ | |
| ९ | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त आय | ५,०५,४०७ | |
| १० | अन्य बिक्रीबाट प्राप्त | २,७१,२५८ | |
| ११ | बीमा दावि प्राप्ति | ६३,७७४ | |
| १२ | बेरुजु | ३,३९,९४३ | |
| १३ | न्यायिक दस्तुर | १०० | |
| | कुल जम्मा | ७,७०,६१,७३,७०८ | |